# पाल्हीनन्दन गाउँपालिका

## नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश

# पाल्हीनन्दन राजपत्र

खण्ड २ संख्या ४ मिति २०८०/०७/२२

**भाग २**

**पाल्हीनन्दन गाउँपालिका**


## पाल्हीनन्दन गाउँपालिकाको प्रकोप पिडित उद्धार र राहत वितरण सम्बन्धी मापदण्ड २०८०

कार्यापालिकाबाट स्वीकृत मिति : २०८०/०७/२२

**प्रस्तावनाः**

नेपाल सरकारले जारी गरेको प्रकोप पिढित उद्वार र राहत सम्बन्धी मापदण्ड २०६४ र विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ३९ को उपदफा (१) बमोजिम नेपाल सरकारले बनाएको मापदण्डमा अधारित पाल्हीनन्दन गाउँपालिकामा विभिन्न समयमा विभिन्न प्रकोपका विपदहरु घटन सक्ने भएकोले सो घटनाको पिडित परिवारहरुलाई वितरण गरिने राहतमा एकरुपता कायम गर्न साथै राहत वितरण एवं सहयोगलाई पारदर्शी गर्ने उदेश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को न(१) ले दिएको अधिकार अनुसार  यो मापदण्ड तयार गरि लागू गरिएको छ ।

## १. प्रकोप भन्नाले देहायका  प्रकोपहरुलाई जनाउने छ ।

(क) प्राकृतिक विपद भन्नाले हिमपात, असिना, अतिवृष्टि, अनावृष्टि, बाढी, डुबान, खडेरी, आँधी, हुरि बतास , शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भुकम्प, डढेलो वा यस्तै अन्य  प्राकृतिक कारणले उत्पन्न जुनसुकै  विपद सम्झनु पर्छ ।

ख) गैरप्राकृतिक विपद भन्नाले महामारी विद्युत सर्ट, अनिकाल, डढेलो , किट वा सुक्ष्म जीवाणु  आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु  प्यानडमिक फ्लु सर्पदंश, जनावर आतङ्क खानी हवाई, सडक जल वा औधोगीक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद सम्क्षनु पर्छ ।

## २. कोषको व्यवस्था :

गाउँपालिकाको प्रकोप उद्धार कोषमा प्रयाप्त मौज्दात कायम राखने व्यवस्था स्थानिय विपद व्यवस्थापन समिति मार्फत प्रमुख प्रशासकिय अधिकृतबाट मिलाईनेछ ।

## ३. तत्कालिन राहत वितरण

गाउँपालिकाले पिडित परिवारिकहरुलाई राहत वितरण तथा पुनर्स्थापन गर्दा जिल्ला विपद व्यवस्थापन समितिसँगको समन्वय र सहकार्यमा देहाय बमोजिम राहत उपलबध गराउन सक्नेछ ।

(क) प्रकोपको घटनामा परि कुनै व्यक्तीको मृत्यु भएको रहेको रहेछ भने राहत स्वरुप प्रति मृतक रु ५०,०००/- (पचास हजार) मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने ।

(ख) कुनै पनि प्रकोपको दुर्घटनमा परि कुनै व्यक्तिको घर र खाद्यान्न लत्ताकपडा समेत पूर्ण रुपमा क्षति भएमा त्यस्तो परिवारलाई तत्कालिन राहतका लागि नगद वा जिन्सी (खाद्य वा गैर खाद्य सामाग्री रु २०,०००/- सम्म राहत उपलब्ध गराईने छ ।

(ग) कुनै पनि प्रकोपको घटनामा परि कुनै व्यक्तिको घर र खाद्यान्न लत्ताकपडा समेत आंशिक रुपमा क्षति भएमा त्यस्ता परि्वारलाई तत्कालीन राहतका लागि नगद वा जिन्सी (खाद्य वा गैर खाद्य सामाग्री रु १०,०००/- सम्म राहत उपलब्ध गराईने छ। तर प्रकोप कै घटनामा परी बेवास्तामा परेका अति अशक्त अपाङ्ग र पुण अशक्त अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक भएमा अपाङ्गताको हकमा पालिकाबाट वितरण भइरहेका रातो र निलो कार्ड तथा दलित जेष्ठ नागरिकको हकमा ६० वर्ष उमेर पुगेको अन्यको हकमा ७० वर्ष उमेर पुगेका भएमा सम्बन्धीत वडा कार्यालयको सिफारिस एव प्रहरी सर्जमिन मुचुलका सहित पिढितले गाउँकार्यपालिका कार्यालयमा लिखित निवेदन दिएमा निजलाई १५,०००/- (पन्ध्र हजार) रकम वा सो बराबरको (खाद्य वा गैर खाद्य सामाग्री सामान राहत उपलब्ध गराईने छ ।

(घ) विपदबाट घर बहालमा बसेको भएमा वा पसल व्यावसाय समेत नोक्सानी भइ तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएको वा दुबै अवस्थाको पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थको लागि प्रति परिवार नगद रु ५,०००/- ( पाँच हजार ) सम्म वा सो बराबरको जिन्सी (खाद्य वा गैर खाद्य सामाग्री सामान राहत उपलब्ध गराईने छ ।

ङ) कुनै प्रकोपको घटनामा परि घाइते भएका विरामीहरुलाई उपचारका लागि जिल्ला अस्पताल वा नजिकको स्वास्थय केन्द्रमा लैजानु पर्ने घाइते गरिब, असहाय

वा आर्थिक अवस्था कमजोर रहेछ भने त्यस्तो घाइतेलाईर्ग अस्पताल लैजादाको एम्बुलेन्स खर्च भुक्तानी गरिने छ ।

(च) विपद बाट घाईते भएको कुनै व्यक्तिलाई असपतालमा भर्ना भइ उपचार गराउनु परेमा त्यस्तो घाइते गरिब, असहाय वा आर्थिक अवस्था कमजोर भएमा त्यस्तो घाइतेको विरामी कुरुवाको लागि खाना खाजा खर्च बापत एक पटकका लागि बढीमा रु ५,०००/- (पाँच हजार) सम्म विरामी कुरुवा खर्च उपलब्ध गराइने छ ।

(छ) यसरी रकम उपलब्ध गराउदा सम्बधित पिडित वा निजको नजिकको निवेदक, वडाको सिफरिस, प्रहरीको मुचुल्काको आधारमा उपलब्ध गराईने छ ।

(ज) माथि जुन सुकै कुरा लेखिएको भएता पनि हावाहुरी वा चटयाङ्ग घरको छानो वा अन्य सामान्य क्षति भएमा रु ५,०००/- ( पाँच हजार) सम्म राहत उपलब्ध गराउने र सोको लागि वडाले सिफारिस गरे अनुसार हुनेछ ।

## ४. दिर्घकालीन राहत एंव व्यस्थापन :

(क) दफा ३ को (ख) र (ग)का पिडित परिवारहरुका लागि स्थानिय विपद व्यवस्थापन समितिले थप सहायता (आर्थिक, खाद्यान्न एंव उपचार) उपलब्ध गराउने पर्ने भएमा त्यसरी सहयोग गर्नु पर्नु परिवार संख्या एकिन गरि कार्यपालिकामा सिफरिस गर्ने छ । यसरी भएको सिफारिसका आधारमा कार्यपालिकाको बैंठकले निर्णय गरे अनुसार थप सहयोग गर्न सकिनेछ ।

(ख) प्रकोपका कारण बासोबास गरि रहेको स्थानमा बासोबास गराउदाथप जोखिम हुने अवस्था रहेमा त्यस्तो पिडित परिवारलाई सुरक्षित स्थानमा राखि बसोबास गराइने स्थान, परिवार संख्या, आवश्यक सामाग्री र सोका लागि आवश्यक पर्ने बजेटको समेत अनुमान गरि स्थानिय विपद व्यवस्थापन समितिले कार्यपालिकामा सिफारिस गर्नु पर्ने छ । त्यसरी भएको सिफारिसको आधारमा जिल्ला विपद व्यवस्थापन समितिसँग समन्वय गरि कार्यपालिकाको बैठकमा भएको निर्णय अनुसार आवश्यक व्यवस्था मिलाइने छ ।

(ग) उपदफा (कं) र (ख) अनुसारको कार्य गर्नका लागि पूर्ण रुपमा वा आंशिक रुपमा कार्य गर्नका लागि स्थानिय विपद व्यवस्थापन समितले वडा स्तरिय विपद

व्यवस्थापन समितिलाई जिम्मेवारी तोक्न सक्ने छ । यसरी तोकिएको जिम्मेवारी अनुसारको कार्य गर्ने जिम्मेवारी सम्बन्धीत वडा स्तरिय विपद व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**५. कोषको सञ्चालन :**

राहत कोषको सञ्चालन गर्ने रेखदेख गर्ने र कोषको अवस्थाको बारेमा कार्यपालिकमा विवरण पेश गर्ने जिम्मेवारी प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारीको हुनेछ ।

**६. राहत वितरण व्यवस्थापन तथा सहजीकरण समिति :**

राहत वितरण व्यवस्थापन तथा सहजीकरण गर्नका लागि देहायका पदाधिकारी रहने गरि देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| संयोजक | : गा.पा. अध्यक्ष |
| सदस्य | : गा.पा. उपाध्यक्ष |
| सदस्य | : प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | : वडाअध्यक्ष सबै (१ देखि ६) |
| सदस्य | : आर्थिक प्रशासन शाखा प्रमुख |
| सदस्य | : सुरक्षा निकाय प्रतिनिधि |
| सदस्य | : जिन्सी प्रमुख |
| सदस्यसचिव | : बिपद ब्यवस्थापन ईकाइ हेर्ने कर्मचारी |

द्रश्टब्य : समितिले आवश्यक ठानेमा अन्य कर्मचारी, पदाधिकारी तथा संघ सस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

**(७) विविध :**

(क) प्रकोपका घटनामा परि घाइते हुनहरुलाई उपचारका क्रममा भएको खर्चको व्यवस्थाका लागि जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने ।

(ख) प्रकोपका पीडितहरुलाई पुनः स्थापना तथा पुनः निर्माणका लागि प्रचलित नीति तथा कानुन बमोजिम जिल्ला वन कार्यालय, एवं स्थानीय वन उपभोक्ता समिति मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउन सिफारिस गर्ने ।

(ग) घर घडेरी पूर्ण रुपमा नष्ट भएको पिडित परिवारका सदस्य मध्ये कुनै एक जनालाई तोकिएको मापदण्ड पुरा भएमा निजको इच्छाको आधारमा त्यस्ता पीडित परिवारहरुको प्राथमिकता निर्धारण गरि शैक्षिक अवस्था एंव उमेर र

अवस्थालाई विचार गरि स्थानियविपद व्यवस्थापन समितिको सिफारिस अनुसार गाउँपालिकामा कुनै पद रिक्त भएमा रोजगारीका लागि प्राथमिकता दिने ।

(घ) निर्धारित मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउदा स्थानिय विपद व्यवस्थापन समितिले घटना भएको १५ दिन भित्र सुचना प्राप्त भएको घटनाको पिडितलाई मात्र राहत उपलब्ध गराइने छ ।

ङ) विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन स्थानीय विपद समितिले खोज उद्धार तथा राहत सामग्रीको प्रयाप्त भण्डारणको व्यवस्था गरी विपद आएका विपद आवश्यकता अनुसार जुनसुकै वडामा तत्काल राहत पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ । यसका लागि खोज उद्धार तथा राहत सामग्री गाउँपालिकाले आवश्यकता अनुसार भण्डारणको व्यवस्था गर्नुपर्नेछ । जोखिममा परेका बस्तीको पहिचान गरि त्यस्ता बस्तीको संरक्षण तथा बस्ती स्थानान्तरण लगायतका उपयुक्त व्यवस्था गर्नका लागि आवश्यक  गर्नका लागि आवश्यक अध्ययन अनुसन्धान, योजना तथा कार्यक्रम निर्माण, बजेट तथा स्रोत साधनको व्यवस्था, गाउँपालिकाले आफै गर्नुपर्ने छ । तथा यस्ता बस्तीको जोखिम खटाउने सम्बन्धी कार्यक्रम कार्यन्वयनको व्यवस्था समेत गर्नुपर्ने छ । प्रकोपको जोखिममा रहेका क्षेत्रको विश्लेषण तथा प्रकोप मापनको कार्य गर्नुपर्ने छ ।

च) जिल्ला विपद व्यवस्थापन समितिको मातहतमा खोज तथा उद्धार सामग्रीको भण्डारण गरीराख्ने व्यवस्था मिलाउनु पर्ने छ । यसका लागि न्युनतम १५ जना उद्धारकर्मीलाई उद्धार कार्यमा प्रयोग गर्न आवश्यक उद्धार सामग्रीको भण्डारणको व्यवस्था गर्नुपर्ने छ ।

छ) विपदको समयमा विस्थापित परिवारलाई सुरक्षित स्थानमा राखि सिबिर संचालन गर्न जिल्ला विपद व्यवस्थापन समितिको समन्यव सहकार्यमा स्थानीय विपदको व्यवस्थापन समितिले सम्भव भए सम्म विद्यालय, स्थास्थ्य केन्द्र, बाहेक सामुदायिक भवन तथा खुल्ला क्षेत्र पहिचान गरि ती क्षेत्रहरु प्रयोग गर्न सक्नेछ ।

ज) विपद पिडित उद्धार तथा राहत व्यवस्थापन कार्यमा सकियता पूर्वक कार्य गर्ने समाजसेवी राजनैतिक व्यक्तित्व व्यवसायिक समाजिक संघ-संस्था राष्ट्र सेवक कर्मचारीहरुको नाम गाउँपालिकाले उचित सम्मान र पुरस्कारका लागि गृह मन्त्रालयमा सिफारिस गरि पठाउन सक्नेछन् ।

**८. बाधा अडकाउ फुकाउने अधिकार :**

यो मापदण्ड  कार्यान्वय गर्दा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यापालिकाले त्यस्तो बाधा अडकाउलाई हटाउन सक्नेछ ।

**९. खारेजी र बचाउ :**

राहत सहयोग सम्बन्धी यस अघि कार्यपालिकाले गरेका निर्णयहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

**आज्ञाले**

**बुद्ध प्रकाश पौडेल**

**प्रमुख प्रशासकिय अधिकृत**